भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चरिकोट, दोलखा

# मालसामान आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशन मिति : (२०७८/०२/२१ गते)

१. यस नगरपालिका अन्तर्गतको क्षमवती माध्यमिक विद्यालयका लागि तपसिलबमोजिमको मालसामान आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहायबमोजिमको सर्तहरुको अधिनमा रहेर रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

२. सिलबन्दी दरभाउपत्र पेस गर्दा यो सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समयभित्र फर्म/कम्पनी/संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित छायाप्रति, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित छायाप्रति, आ.व. २०७६/०७७ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित छायाप्रति र सिलबन्दी दरभाउपत्र फाराम दस्तुर (रकम फिर्ता नहुने गरी) वापतको रकम कार्यालयमा नै दाखिला गरी नगदी रसिद वा यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरीकोट शाखामा रहेको खाता नं. १३००३००००१००१००००३ मा जम्मा गरी सोको सक्कल भौचर वोलपत्र फारामको साथ संलग्न गर्नुपर्ने छ ।

३. सिलबन्दी दरभाउपत्र पेस गर्दा सिलवन्दी खाममा सम्बन्धित ठेक्काको विवरण तथा ठेक्का नं. स्पष्ट खुलाई पेस गर्नुपर्ने छ साथै खरिद गरिएका सिलबन्दी दरभाउपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गर्नुपर्ने छ ।

४. सिलबन्दी दरभाउपत्र फाराम साथ बोलपत्र जमानत रकम यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरिकोट शाखामा रहेको खाता न १३००३००००३००००००००३ मा जम्मा गरी सोको भौचर (for bid security purposes) वा मान्यता प्राप्त वाण्ज्यि वैंकवाट यस कार्यालयको नाममा जारी गरिएको वोलपत्र खोल्ने मितिबाट ७५ दिन म्याद भएको बोलपत्र जमानत फाराम साथ पेस गर्नुपर्ने छ ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु यस कार्यालयमा वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । सिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

६. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. स्वीकृत सिलबन्दी दरभाउपत्रदाताले उल्लेखित मालसामानहरु क्षमावती माध्यमिक विद्यालय, सुस्पाक्षमावतीमा आपूर्ति तथा जडान गर्नुपर्ने छ । साथै मालसामान आपूर्ति बापतको भुक्तानी पनि सोही विद्यालयवाट हुने छ ।

८. सिलबन्दी दरभाउपत्र सम्वन्धी अन्य सर्तहरु सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरेवमोजिम हुने छन् ।

९. अन्य विषय सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

१०. विस्तृत जानकारीका लागि यस कार्यालय वा क्षमावती माध्यमिक विद्यालय, सुस्पाक्षमावतीमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

**बोलपत्र सम्बन्धी विवरण:**

| ठेक्का नं. | ठेक्का/योजना नाम | लागत अनुमान रकम रु (मू.अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम (रु) | बोलपत्र फाराम खरिद अवधि | बोलपत्र फाराम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| BMP/SQ/GOODS/2077-078/31 | बालि विज्ञान (कृषि प्रयोगशाला) सम्बन्धी मालसामान आपूर्ति | १०,३७,४०७/०८ | १,०००/- | २६,०००/- | सूचना प्रकाशन मितिले १५ औं दिनसम्म | सूचना प्रकाशन मितिले १६ औं दिन दिनको १२ वजेभित्र | सूचना प्रकाशन मितिले १६ औ दिन दिनको २ वजे |
| BMP/SQ/GOODS/2077-078/32 | विज्ञान प्रयोगशाला सम्बन्धी मालसामान आपूर्ति | १०,८७,२१५/३९ | १,०००/- | २८,०००/- | सूचना प्रकाशन मितिले १५ औं दिनसम्म | सूचना प्रकाशन मितिले १६ औं दिन दिनको १२ वजेभित्र | सूचना प्रकाशन मितिले १६ औ दिन दिनको २ वजे |
| BMP/SQ/GOODS/2077-078/33 | ICT Lab सम्बन्धी सामाग्री सप्पलाई | १७,६९,९११/५० | १,०००/- | ४५,०००/- | सूचना प्रकाशन मितिले १५ औं दिनसम्म | सूचना प्रकाशन मितिले १६ औं दिन दिनको १२ वजेभित्र | सूचना प्रकाशन मितिले १६ औ दिन दिनको २ वजे |